# “चौथो ग्रामीण कर्जा सर्वेक्षण, २०७०”

## सम्बन्धी कार्यको आशयपत्र कार्य क्षेत्रगत शर्त

(सर्वेक्षणको Field Survey तथा Data Entry/Table Generation सँग सम्बन्धित परामर्श सेवा खरिद प्रयोजनार्थ)

## नेपाल राष्ट्र बैंक

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

२०७० फागुन

| विषय सूची | | पेज नं. |
|---|---|---|


| | | |
|---|---|---|
| १. | सूचना | १ |
| २. | निवेदन | २ |
| ३. | कार्य क्षेत्रगत प्रस्ताव (Terms of Reference - TOR) | ३ |
| | ३.१ पृष्ठभूमी | ३ |
| | ३.२ सर्वेक्षणको उद्देश्य | ३ |
| | ३.३ Sample Design र Survey Methodology | ३ |
| | ३.४ सर्वेक्षणको क्षेत्र र विधि | ४ |
| | ३.५ सर्वेक्षण इकाई | ४ |
| | ३.६ सर्वेक्षण तथा सुपरिवेक्षणको कार्य | ४ |
| | ३.७ तालिमको व्यवस्था | ५ |
| | ३.८ तथ्यांक संकलन | ५ |
| | ३.९ गोपनियता | ५ |
| | ३.१० सर्वेक्षणको Data Entry, Table Generation कार्य | ५ |
| | ३.११ सर्वेक्षणको Report Writing / Printing कार्य | ५ |
| | ३.१२ फिल्ड कार्य र अनुगमन | ५ |
| | ३.१३ फिल्ड सर्भेका लागि छनौट भएका जिल्ला, गा.वि.स. तथा वडाहरुको तालिका | ५ |
| ४. | आशयपत्र पेश गर्नका लागि अवश्यक सर्तहरु | १० |
| | ४.१ आशयपत्र पेश गर्दा ध्यान दिनुपर्ने विषयहरु | १० |
| | ४.२ आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु | १० |
| ५. | संस्थाको प्रोफाईल | १० |
| ६. | आवेदकको विवरण | ११ |
| ७. | मूल्याङ्कनका आधारहरु | १२ |
| | ७.१ सामान्य आधार | १२ |
| | ७.२ संस्थाको वित्तीय अवस्था | १२ |
| | ७.३ संस्थाको कार्य अनुभव | १३ |
| | ७.४ जनशक्ति | १३ |
| ८. | विवादित अवस्था | १४ |
| ९. | विविध | १४ |

# नेपाल राष्ट्र बैंक
## लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग
## बालुवाटार काठमाडौं

## ग्रामीण कर्जा सर्वेक्षणको कार्य बाहृय परामर्शदाताबाट गराउने बारेको आशयपत्र पेश गर्ने सूचना

**(पहिलो पटक सूचना प्रकाशन भएको मिति : २०७०/११ /१६)**

यस बैंकले निकट भविष्यमा मुलुकका १५ जिल्लाका ५,४०० घरपरिवार तथा ९५२ संस्थाहरु (बैंक, वित्तीय संस्था एवम् बचत तथा ऋण सहकारी संस्थाहरु समेत) समेटी गर्न लागेको ग्रामीण कर्जा सर्वेक्षणको कार्यको लागि ईच्छुक परामर्शदाता सङ्गठित संस्थाहरुलाई देहायका शर्तहरुको अधिनमा रही आशयपत्र (Expression of Interest-EoI) पेश गर्न यो सूचना जारी गरिएको छ ।

१. आशयपत्र पेश गर्न ईच्छुक संगठित संस्थाहरुले आवेदन फाराम प्राप्त गर्नका लागि नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा लिखित निवेदन पेश गर्नु पर्नेछ । साथै, उक्त आवेदन फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ४ बजेसम्म मात्र प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम पूर्णरुपमा भरी सम्बन्धित संस्थाको सिलछाप लगाई अख्तियार प्राप्त व्यक्तिले हस्ताक्षर गरी पेश गर्नु पर्नेछ ।

३. आवेदन स्वीकार गर्ने/नगर्ने सम्पूर्ण अधिकार नेपाल राष्ट्र बैंकमा निहित रहनेछ ।

४. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:३० बजेसम्ममा यस विभागमा शिलबन्दी आशयपत्र बुझाउनु पर्नेछ । साथै, सोही दिन अपरान्ह ३:०० बजे आशयपत्रदाताको उपस्थितिमा (उपस्थिति नभएपनि) आशयपत्र खोलिनेछ ।

५. तोकिएको समयावधिपछि प्राप्त हुन आउने आवेदन उपर कुनै कारवाही हुनेछैन ।

६. आवेदकले उपलब्ध गराएको सूचना गोप्य राखिनेछ र आवेदनका साथ पेश हुन आएका कागजातहरु फिर्ता गरिने छैन ।

७. संक्षिप्त सूचीमा समावेश भएका संस्थाहरुको वारेमा सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।

८. यससँग सम्बन्धित अन्य जानकारी आवश्यक भएमा नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, बालुवाटारमा सम्पर्क गर्न सकिनेछ ।

९. यस सम्बन्धी थप जानकारी यस बैंकको website: www.nrb.org.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

# आवेदन फाराम

(संस्थाको नाम, ठेगाना, फोन नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि भएको संस्थाको आधिकारिक लेटरप्याड)

मिति :

श्री कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक
लघुवित्त प्रवर्द्धन तथा सुपरीवेक्षण विभाग
बालुवाटार, काठमाडौ, नेपाल ।

**विषय : ग्रामीण कर्जा सर्वेक्षणको फिल्ड सर्भे तथा** Data Entry/Tabulation **को कार्य गर्ने बारे ।**

१. .................................................... संस्थाको तर्फबाट ग्रामीण कर्जा सर्वेक्षणको फिल्ड सर्भे तथा Data Entry/Tabulation को कार्य गर्ने सम्बन्धमा प्रकाशित आशयपत्र (EOI) पेश गर्ने सूचना र यस सम्बन्धी कार्य क्षेत्रगत शर्तहरुमा उल्लेख भएका विवरण सम्बन्धमा पूर्ण जानकार भई यो आशयपत्र पेश गरिएको छ ।

२. यस आवेदनका साथ देहायका कागजातका प्रतिलिपीहरु समावेश गरिएको छ :
   १. संस्था दर्ता प्रमाणपत्र,
   २. संस्थाले आफ्नो कारोवार गर्न कुनै निकायबाट इजाजत लिएको भए त्यस्तो इजाजतपत्र,
   ३. संस्थाको मुख्य कार्यालय रहेको स्थान ।

३. संस्थामा सम्पर्क गर्नको लागि देहायका व्यक्तिहरुलाई तोकिएको छ :

| पहिलो सम्पर्क व्यक्ति | दोश्रो सम्पर्क व्यक्ति |
|---|---|
| नाम : | नाम : |
| फोन नं. : | फोन नं. : |
| मोवाइल नं. : | मोवाइल नं. : |
| फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल : | इमेल : |

४. यो प्रस्ताव देहायका विषयमा पुरै जानकार रही पेश गरिएको छ ।
   १. आशयपत्रदाताले पेश गरेका सूचनाहरु प्रस्ताव पेश गर्ने समयमा समेत नेपाल राष्ट्र बैंकले आवश्यक ठानेमा जाँचवुझ गर्न सक्नेछ ।
   २. नेपाल राष्ट्र बैंकमा निम्न अधिकार सुरक्षित रहने छ :
      क) कुनै आवेदन स्वीकाररअस्विकार गर्ने तथा सम्पूर्ण प्रकृया नै रद्द गर्न सक्ने ।
      ख) यस आयोजनाको कार्यक्षेत्रको परिधि र शर्तहरु संशोधन गर्न सक्ने ।
      ग) यसरी संशोधन गरिएका शर्तहरु पुरा गर्ने आशयपत्रदाताहरुबाट मात्र प्रस्ताव माग गर्ने ।

५. यस आशयपत्रका साथ संस्थाको तर्फबाट पेश गरिएका विवरण तथा कागजातहरु ठिक साँचो हुन् । यसमा कुनै फरक परी छनौटका लागि अयोग्य भएमा मन्जुर छ ।

आवेदक,

हस्ताक्षर :
आवेदकको नाम:
पद :
संस्था :
ठेगाना :
छाप :

## ३. कार्य क्षेत्रगत प्रस्ताव (Terms of Reference - TOR)

### ३.१ पृष्ठभूमि

नेपालमा यस अघि नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०२६/२७ (ई.सं. १९६९/७०) मा पहिलो, आर्थिक वर्ष २०३३/३४ (ई.सं. १९७६/७७) मा दोस्रो र आर्थिक वर्ष २०४८/४९ (ई.सं. १९९१/९२) मा तेस्रो ग्रामीण कर्जा सर्वेक्षण सम्पन्न गरिएको थियो । पछिल्लो पटक गरिएको तेस्रो ग्रामीण कर्जा सर्वेक्षण पश्चात् करिब २० वर्ष भन्दा बढी समयावधिको बीचमा अर्को सर्वेक्षण हुन सकेको छैन । यस्तो सर्वेक्षणबाट बैंक तथा वित्तीय संस्था र अन्य वित्तीय मध्यस्थता सेवा सम्वन्धी कार्य गर्ने संस्थाहरूको उपस्थिति, संस्थागत कर्जाको अवस्था, अनौपचारिक क्षेत्रको वित्तीय कारोवार, ग्रामीण वित्तीय पहुँच, कर्जा तथा व्याजदरको अवस्था आदि जस्ता पक्षहरूको वारेमा जानकारी प्राप्त भई नीति-निर्माण तहमा पृष्ठपोषण प्राप्त हुने तथा संस्थागत सुधारका कार्यक्रमहरु अगाडि बढाउन समेत सहयोग पुग्ने अवस्था रहन्छ । अत: ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धिका लागि यस्तो सर्वेक्षणबाट प्राप्त हुने जानकारीबाट आर्थिक, मौद्रिक एवम् बैंकिङ्ग क्षेत्रसंग सम्बन्धित नीति तर्जुमा एवम् कार्यान्वयनमा सघाउ पुग्दछ ।

यस सन्दर्भमा आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमा ग्रामीण कर्जा सर्वेक्षणको प्रारम्भिक कार्य अगाडि बढाइने उल्लेख भएको तथा आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिमा समेत ग्रामीण कर्जासंग सम्बन्धित विविध पक्षहरूको बारेमा जानकारी लिने उद्देश्यले आर्थिक वर्ष २०६७/६८ मा प्रारम्भिक कार्य शुरु गरिएको ग्रामीण कर्जा सर्वेक्षण कार्यलाई आर्थिक वर्ष २०६८/६९ मा अघि बढाइने उल्लेख भएको थियो । यसैगरी आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिमा ग्रामीण कर्जा सर्वेक्षणको स्थलगत कार्य (Field Work) सम्पन्न गरिने उल्लेख भएको थियो । नेपाल राष्ट्र बैंकको रणनीतिक योजना (Strategic Plan 2012-2016) मा समेत ग्रामीण कर्जा सर्वेक्षण सम्बन्धी कार्य जनवरी २०१२ बाट शुरु गरी जुलाई २०१४ सम्ममा सम्पन्न गरी सक्ने उल्लेख भएको छ । यस विभागको लागि आर्थिक वर्ष २०७०/७१ को स्वीकृत वार्षिक कार्ययोजनामा समेत चौथो ग्रामीण कर्जा सर्वेक्षण सम्बन्धी कार्य सम्पन्न गर्ने कार्यक्रम रहेको छ ।

### ३.२ सर्वेक्षणको उद्देश्य

क) चौथो ग्रामीण कर्जा सर्वेक्षणका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

ख) ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्था (बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्त विकास बैंक) र अन्य संस्थाहरू (सहकारी एवम् गैर-सरकारी संस्था) को उपस्थिति एवम् वित्तीय सेवाको अवस्था सम्बन्धमा जानकारी लिने,

ग) ग्रामीण क्षेत्रको संस्थागत कर्जा माग, आपूर्ति एवम् उपयोग, बचत, रेमिटेन्स एवम् बीमा कारोवार सम्वन्धमा जानकारी लिने,

घ) ग्रामीण क्षेत्रमा औसत कर्जा तथा व्याजदरको अवस्था सम्बन्धमा जानकारी लिने,

ङ) ग्रामीण क्षेत्रको आर्थिक एवम् गैर-आर्थिक कृयाकलापका सम्बन्धमा जानकारी लिने,

च) ग्रामीण क्षेत्रमा अनौपचारिक एवम् असंगठित क्षेत्रबाट हुने आर्थिक कारोवारको स्थिति एवम् अवस्था वारे जानकारी लिने,

छ) ग्रामीण क्षेत्रमा वित्तीय साक्षरताको अवस्था सम्बन्धमा अध्ययन गर्ने तथा वित्तीय पहुँचको अवस्था बारे मूल्याङ्कन (Assessment) गर्ने ।

### ३.३ Sample Design र Survey Methodology

यस सर्भेक्षणका लागि Sample Design र Survey Methodology तयार गर्दा निम्न पक्षहरुलाई दृष्टिगत गरिएको छ ।

क) सर्वेक्षणको उद्देश्य अनुरुप देशको प्रशासनिक (Administrative) एवम् भौगोलिक (Ecological) क्षेत्रहरुको समेत प्रतिनिधित्व हुने गरी समग्र देशमा वित्तीय सेवाको गतिविधि, माग तथा पहुँचको स्थिति पहिचान हुने गरी तयार गरिएको ।

ख) Sampling Frame राष्ट्रिय जनगणना २०६८ का आधारमा गरिएको ।

ग) घर परिवारको महत्वपूर्ण आर्थिक, सामाजिक र खासगरी ग्रामीण कर्जाको अवस्था र माग सम्बन्धी परिसूचकहरु पत्ता लगाउने प्रकारको हुने गरी तयार गरिएको ।

घ) सर्वेक्षणले देशका विभिन्न क्षेत्रमा रहेको संस्थागत वित्तीय सेवाको आपूर्तिका आधारमा भौगोलिक तथा प्रशासनिक क्षेत्रहरु समेट्ने गरी वित्तीय सेवाको पहँुचको स्थिति, विस्तार र माग समेट्ने गरी तयार गरिएको ।

ङ) Sample Design तयार पार्दा पाँच वटै विकास क्षेत्र एवम् तराई, पहाड र हिमाली क्षेत्रको प्रतिनिधित्व हुने गरी तयार गरिएको ।

च) Sample Design र Survey Methodology सम्बन्धी प्रतिवेदनमा Sample Frame, Stratification, Optimum Sample Size, Sample Selection Procedures, Estimation Procedures, Standard Error of Estimate, Household Selection Procedures (with Substitution) सहितका प्राविधिक पक्षहरु विस्तृत रुपमा समावेश गरिएको ।

छ) कुनै कारणवस प्रस्तावित क्षेत्रमा सर्वेक्षण गर्न सकिएन भने सर्वेक्षणको मूल उद्देश्यमा प्रतिकुल प्रभाव नपर्ने गरी सोको वैकल्पिक उपाय वा विधि (Over Sampling, Replacement Outliers, etc) के हुन सक्छ भन्ने विषयलाई समेत समावेश गरिएको ।

## ३.४ सर्वेक्षणको क्षेत्र र विधि

स्वीकृत Sample Design र Survey Methodology सम्बन्धी प्रतिवेदन अनुसार चौथो ग्रामीण कर्जा सर्वेक्षणका लागि विकास क्षेत्र एवम् भौगोलिक क्षेत्रहरुको समेत प्रतिनिधित्व हुने गरी निम्नानुसार १५ जिल्लाहरु प्रस्ताव गरिएका छन् ।

तालिका नं. १

चौथो ग्रामीण कर्जाका लागि छनौटमा परेका जिल्लाहरु

| क.सं. | विकास क्षेत्र | हिमाल | पहाड | तराई | कुल जिल्ला |
|---|---|---|---|---|---|
| १. | पूर्वाञ्चल | | धनकुटा, तेह्रथुम | झापा | ३ |
| २. | मध्यमाञ्चल | दोलखा | काभ्रेपलाञ्चोक | महोत्तरी | ३ |
| ३. | पश्चिमाञ्चल | | गोरखा, गुल्मी | रुपन्देही | ३ |
| ४. | मध्य-पश्चिमाञ्चल | जुम्ला | जाजरकोट | दाङ्ग | ३ |
| ५. | सुदुर-पश्चिमाञ्चल | बाजुरा | डडेलधुरा | कञ्चनपुर | ३ |
| | **कुल जिल्ला** | **३** | **७** | **५** | **१५** |

उपरोक्तानुसारका १५ जिल्ला अन्तर्गतका ४६ गाउँ विकास समितिका १०० वडाहरुमा गरिने प्रस्तावित सर्वेक्षणमा कुल ५,४०० घरपरिवारहरु समेटिने छन् । त्यसैगरी सोही जिल्लाहरुमा रहेका बैंक तथा वित्तीय संस्थाका ६१८ वटा शाखा एवम् ३३४ वटा बचत तथा ऋण सहकारी संस्थाहरु समेत गरी जम्मा ९५२ वित्तीय कारोवार गर्ने संस्थाहरुलाई पनि सर्वेक्षणमा समावेश गर्नु पर्नेछ । यस सम्बन्धी विस्तृत विवरण यसैसाथ संलग्न तालिका ३, ४ र ५ मा उल्लेख गरिएको छ । छनौटमा परेका घरपरिवार तथा वित्तीय कारोवार गर्ने संस्थाहरुबाट ग्रामीण कर्जा सम्बन्धी आवश्यक सूचना तथा विवरण संकलन गर्नु पर्नेछ । Sample Design र Sampling Frame का आधारमा घरपरिवारको लगत लिने व्यवस्था गर्नु पर्नेछ । घरपरिवारको लगतका आधारमा Random Sampling का माध्यमबाट सर्वेक्षणमा समेटिने घरपरिवारलाई अन्तिम रुप दिनु पर्नेछ । तथ्यांक संकलनको कार्य प्राथमिक स्रोत (Primary Source) बाट गर्नु पर्नेछ ।

## ३.५ सर्वेक्षण इकाई

यस बैंकको लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागमा कार्यकारी निर्देशकको प्रत्यक्ष निर्देशनमा एक **"चौथो ग्रामीण कर्जा सर्वेक्षण इकाई"** कार्यरत रहेको छ । यस इकाईले सर्वेक्षण शुरु हुनुपूर्वदेखि सर्वेक्षणको अन्तिम प्रतिवेदन तयार नभएसम्म Steering Committee एवम् मूल्यांकन समितिको सचिवालयको रुपमा रही सर्वेक्षण सम्बन्धी सम्पूर्ण कार्यहरुको समन्वय गर्नेछ ।

### ३.६ सर्वेक्षण तथा सुपरिवेक्षणको कार्य

**क) सर्वेक्षक/संकलक**

चौथो ग्रामीण कर्जा सर्वेक्षणको फिल्ड सम्बन्धी कार्य नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ बमोजिम छनौट हुने परामर्श सेवा प्रदायक संस्थाबाट गराइनेछ ।

**ख) अनुगमन/सुपरिवेक्षण**

परामर्श सेवा प्रदायक संस्थाबाट प्रत्येक जिल्लामा १/१ जना सुपरीवेक्षकमार्फत सर्वेक्षणको फिल्ड कार्यको नियमित अनुगमन गर्नु पर्नेछ । सर्वेक्षणको फिल्ड कार्यको सुपरिवेक्षणको कार्य यस बैंकले समेत गर्नेछ । आवश्यकता अनुसार Steering Committee र सर्वेक्षण इकाईबाट समेत फिल्ड सर्वेक्षण कार्यको छड्के निरीक्षण गरिनेछ । फिल्ड कार्यमा खटिने परामर्श सेवा प्रदायक संस्थाका सर्वेक्षक/संकलकले यस बैंकबाट तोकिएको सुपरिवेक्षकसंग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

### ३.७ तालीमको व्यवस्था

सर्वेक्षण कार्यमा संलग्न हुने विवरण संकलक/सर्वेक्षक तथा सुपरिवेक्षकहरुका लागि अभिमुखीकरण तालिमको आयोजना यस बैंकबाट परामर्श सेवा प्रदायक संस्थासंगको समन्वयमा गरिनेछ । यसरी आयोजना गरिने तालिम कार्यक्रमका लागि स्रोत व्यक्तिको रुपमा बाहृय विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ । फिल्ड सर्वेक्षणको कार्यलाई प्रभावकारी बनाउने सन्दर्भमा कुनै अभिमुखीकरण/अन्तरकृया कार्यक्रम राख्नु पर्ने अवश्यकता देखिएमा यस बैंकले सो को व्यवस्था गर्न सक्नेछ ।

### ३.८ तथ्यांक संकलन

यस वैकवाट उपलब्ध गराईने घर धुरी सर्वेक्षण प्रश्नावली तथा संस्थागत प्रश्नावलीहरुलाई तोकिएको जिल्लाको तोकिएको गा.वि.स. अन्तर्गत तोकिएका वडाहरुमा गई सम्वन्धित घर मूली वा निजको प्रतिनिधि र संस्थाको हकमा सम्वन्धित संस्थाका प्रमुखहरुवाट प्रश्नावलीमा माग गरिएका सवै सूचना, तथ्यांक एवं जानकारीहरु पुर्णरुपमा भरी तोकिएको समयभित्रै तथ्यांक संकलन कार्य सम्पन्न गर्नु पर्नेछ ।

### ३.९ गोपनियता

सर्भेक्षणको क्रममा संस्थाबाट खटिएका सर्भेक्षक/गणकहरुले वैंकवाट उपलव्ध गराईएका प्रश्नावली भर्ने क्रममा प्राप्त तथ्यांक तथा सूचनाहरुलाई गोप्य राख्नु पर्नेछ । गोपनियता भंग हुन गएमा सम्वन्धित व्यक्ति तथा संस्थालाई  नियमानुसार कारवाही गरिनेछ ।

### ३.१० सर्वेक्षणको Data Entry, Table Generation कार्य

सर्वेक्षकहरुबाट प्राप्त सर्वेक्षण फारामहरुबाट Data Entry गर्ने तथा यस बैंकको आवश्यकता अनुरुपका Table Generation गर्ने कार्य एक विशिष्ट प्रकारको प्राविधिक काम भएको हुँदा सो कार्य समेत Outsourcing का लागि छानिएको परामर्शदाताबाटै निर्धारित अवधिमा गराइनेछ ।

### ३.११ सर्वेक्षणको Report Writing र Printing कार्य

सर्वेक्षणको Table Generation भैसकेपछि अन्तिम प्रतिवेदन लेख्ने कार्य यस बैंकबाट हुनेछ । सो चरणमा परामर्श सेवा प्रदायक संस्थाले यस बैंकको आवश्यकता अनुसार सहयोग गर्नुपर्नेछ ।

### ३.१२ फिल्ड कार्य र अनुगमन

यस बैंकले तयार गरेको प्रश्नावली र Sample Design मा केन्द्रीकृत भई सर्वेक्षकले सर्वेक्षणको फिल्ड कार्य निर्धारित समयावधिमा सम्पन्न गर्नु पर्नेछ । सर्वेक्षणको लागि आवश्यक प्रोग्राम डिजाइन गरी Coding/ Data Entry समेत गरी यस बैंकको आवश्यकता अनुसारका संख्यामा Output Table Generation गर्नु पर्नेछ । सम्बद्ध विज्ञहरुबाट यस कामको नियमित अनुगमन गराई कार्यको प्रगति विवरण समय समयमा यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

## ३.१३ फिल्ड सर्भेका लागि छनौट भएका जिल्ला, गा.वि.स. र वडाहरु सम्बन्धी तालिका

### तालिका नं. २
### चौथो ग्रामीण कर्जा सर्वेक्षण २०७० को लागि
### छनोटमा परेका जिल्ला, घरपरिवार संख्या तथा संस्था सम्बन्धी विवरण

| क्र.सं. | जिल्ला | घरपरिवार सर्वेक्षण | | | संस्था सर्वेक्षण | | |
|---|---|---|---|---|---|---|---|
| | | गा.वि.स. | वडा | घरपरिवार | शाखा | सहकारी | कुल |
| १. | झापा | ५ | ११ | ७९० | १२१ | ३० | १५१ |
| २. | धनकुटा | २ | ७ | २२५ | १५ | १० | २५ |
| ३. | तेह्रथुम | २ | ४ | १६५ | १४ | ७ | २१ |
| ४. | महोत्तरी | ५ | १० | ८९५ | २९ | २६ | ५५ |
| ५. | दोलखा | २ | ४ | १९० | १९ | २५ | ४४ |
| ६. | काभ्रेपलाञ्चोक | ५ | १३ | ७४० | ६६ | ६५ | १३१ |
| ७. | गोरखा | ३ | ९ | ३१० | २८ | १८ | ४६ |
| ८. | गुल्मी | ३ | ७ | ३६० | २१ | ११ | ३२ |
| ९. | रुपन्देही | ४ | ७ | ४०५ | १६९ | ५४ | २२३ |
| १०. | दाङ्ग | ३ | ६ | ३०५ | ७७ | २३ | १०० |
| ११. | जाजरकोट | ३ | ७ | ३८० | ३ | १७ | २० |
| १२. | जुम्ला | २ | ४ | ११० | ५ | १५ | २० |
| १३. | बाजुरा | २ | ४ | १३५ | २ | १८ | २० |
| १४. | कञ्चनपुर | ३ | ३ | २१० | ३७ | ९ | ४६ |
| १५. | डडेलधुरा | २ | ४ | १८० | १२ | ६ | १८ |
| | कुल | ४६ | १०० | ५४०० | ६१८ | ३३४ | ९५२ |

### तालिका नं. ३
### चौथो ग्रामीण कर्जा सर्वेक्षण २०७० को लागि छनोटमा परेका गा.वि.स र वडा संख्या सम्बन्धी विवरण

| क्र.सं. | जिल्ला | गाउं विकास समिति | | वडा संख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|---|
| | | नाम | संख्या | | |
| १. | झापा | अनारमनी | ५ | ३ | २६३ |
| | | अर्जुनधारा | | २ | १२४ |
| | | चारपाने | | २ | ११० |
| | | शनिश्चरे | | २ | १४८ |
| | | तोपगाछी | | २ | १४५ |
| २. | धनकुटा | भेडेटार | २ | ३ | ८८ |
| | | पाखीवास | | ४ | १३७ |
| ३. | तेह्रथुम | वसन्तपुर | २ | २ | ६५ |
| | | म्यागंलुंग | | २ | १०० |
| ४. | महोत्तरी | गौशाला | ५ | २ | २८३ |
| | | किशन नगर | | २ | १५१ |
| | | माई स्थान | | २ | २०९ |
| | | निगौल | | २ | १२६ |
| | | रामनगर | | २ | १२६ |
| ५. | दोलखा | जिरी | २ | २ | १३५ |
| | | मालु | | २ | ५५ |
| ६. | काभ्रेपलाञ्चोक | बालुवापाटी देउपुर | ५ | २ | १०९ |
| | | होक्से बजार | | ३ | ९० |
| | | जैसीथोक मण्डन | | २ | ६२ |
| | | माहादेवस्थान मण्डन | | ३ | १७४ |
| | | पाँ चखाल | | ३ | ३०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | गोरखा | खोपलाङ | ३ | ३ | ८७ |
| | | मिरकोट | | ३ | ८८ |
| | | पालुङटार | | ३ | १३५ |
| ८. | गुल्मी | अर्खले | ३ | २ | ८९ |
| | | सिर्सेनी | | २ | ४३ |
| | | तम्घास | | ३ | २२८ |
| ९. | रुपन्देही | आनन्दवन | ४ | १ | ५५ |
| | | देवदह | | २ | १३० |
| | | परोहा | | २ | ११० |
| | | शंकरनगर | | २ | ११० |
| १०. | दाङ्ग | चौलाही | ३ | २ | १२४ |
| | | नारायणपुर | | २ | १०२ |
| | | सोनपुर | | २ | ७९ |
| ११. | जाजरकोट | खलङ्गा | ३ | ३ | १८९ |
| | | माझकोट | | २ | ९१ |
| | | पुनाम | | २ | १०० |
| १२. | जुम्ला | चन्दननाथ | २ | २ | ७७ |
| | | महत | | २ | ३३ |
| १३. | बाजुरा | कोल्टी | २ | २ | ५६ |
| | | मार्तडी | | २ | ७९ |
| १४. | कञ्चनपुर | लक्ष्मीपुर | ३ | १ | ५९ |
| | | रामपुर विलासपुर | | १ | ८१ |
| | | त्रिभुवनबस्ती | | १ | ७० |
| १५. | डडेलधुरा | अलीताल | २ | २ | ६६ |
| | | जोगबुढा | | २ | ११४ |
| | | **कुल** | **४६** | **१००** | **५४००** |

## तालिका नं. ४
## चौथो ग्रामीण कर्जा सर्वेक्षण २०७० को लागि
## छनोटमा परेका वडा नं. र घरपरिवार संख्या सम्बन्धी विवरण

| जिल्ला | गा.वि.स | छनौट भएका वडा संख्या | छनौट भएका घरपरिवार संख्या | छनौट भएका वडा नं. | छनौट भएका घरपरिवार संख्या | वडामा रहेका कुल घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| १. झापा (७९०) | १) अनारमनी | ३ | २६३ | ३ | २३२ | ४६४२ |
| | | | | ५ | २१ | ४२३ |
| | | | | ९ | १० | २०३ |
| | २) अर्जुनधारा | २ | १२४ | २ | ४६ | ६३८ |
| | | | | ६ | ७८ | १०७६ |
| | ३) चारपाने | २ | ११० | १ | ९८ | २०८५ |
| | | | | ७ | १२ | २४८ |
| | ४) शनिश्चरे | २ | १४८ | ३ | ६१ | ५७३ |
| | | | | ७ | ८७ | ८२७ |
| | ५) तोपगाछी | २ | १४५ | १ | २५ | २८८ |
| | | | | ७ | १२० | १३५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. धनकुटा (२२५) | १) भेडेटार | ३ | ८८ | ६ | २० | ४४ |
| | | | | ५ | ३३ | ७५ |
| | | | | ९ | ३५ | ८० |
| | २) पाखीबास | ४ | १३७ | १ | १२ | २७ |
| | | | | ९ | ४२ | ९८ |
| | | | | ६ | ३१ | ७२ |
| | | | | ८ | ५२ | १२० |
| ३. तेह्रथुम (१६५) | १) बसन्तपुर | २ | ६५ | ७ | ६ | ५६ |
| | | | | ४ | ५९ | ५२० |
| | २) म्याग्लुड | २ | १०० | ४ | ४० | ८९ |
| | | | | ७ | ६० | १३१ |
| ४. महोत्तरी (८९५) | १) गौशाला | २ | २८३ | २ | १९६ | ७४० |
| | | | | ८ | ८७ | ३२९ |
| | २) किसननगर | २ | १५१ | ३ | ८० | २३२ |
| | | | | ७ | ७१ | २०५ |
| | ३) माइस्थान | २ | २०९ | ३ | ९९ | ३६१ |
| | | | | ८ | ११० | ४०१ |
| | ४) निगौल | २ | १२६ | २ | ५७ | १७२ |
| | | | | ७ | ६९ | २०९ |
| | ५) रामनगर | २ | १२६ | ३ | ५४ | १३८ |
| | | | | ८ | ७२ | १८३ |
| ५. दोलखा (१९०) | १) जिरी | २ | १३५ | ५ | ५७ | १९७ |
| | | | | ७ | ७८ | २७२ |
| | २) मालु | २ | ५५ | ८ | ३३ | १२७ |
| | | | | ५ | २२ | ८२ |
| ६. काभ्रे (७४०) | १) बालुवापाटी देउपुर | २ | १०९ | ३ | ६३ | १६७ |
| | | | | ४ | ४६ | १२४ |
| | २) होक्से बजार | ३ | ९० | १ | ३२ | १४८ |
| | | | | २ | २७ | १२७ |
| | | | | ६ | ३१ | १४४ |
| | ३) जैसीथोक मण्डन | २ | ६२ | ४ | ५० | १८३ |
| | | | | ५ | १२ | ४६ |
| | ४) महादेवस्थान मण्डन | ३ | १७४ | १ | ८७ | ४१६ |
| | | | | ५ | ४५ | २१६ |
| | | | | २ | ४२ | २०१ |
| | ५) पाँचखाल | ३ | ३०५ | २ | ९० | ३१८ |
| | | | | १ | ११३ | ४०० |
| | | | | ९ | १०२ | ३५८ |
| ७. गोरखा (३१०) | १) खोपलाड. | ३ | ८७ | १ | १९ | १०६ |
| | | | | ४ | ४६ | २६६ |
| | | | | ८ | २२ | १२८ |
| | २) मिरकोट | ३ | ८८ | १ | १२ | ४६ |
| | | | | ७ | १० | ४० |
| | | | | ८ | ६६ | २५५ |
| | ३) पालुड.टार | ३ | १३५ | १ | ४२ | १६९ |
| | | | | २ | ६६ | २६३ |
| | | | | ६ | २७ | १०८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. गुल्मी (३६०) | १) अर्खले | २ | ८९ | ३ | ३९ | १६९ |
| | | | | ४ | ५० | २१४ |
| | २) सिर्सेनी | २ | ४३ | ४ | २५ | ७७ |
| | | | | ५ | १८ | ५४ |
| | ३) तम्घास | ३ | २२८ | १ | १४५ | १३१४ |
| | | | | ५ | ३९ | ३५० |
| | | | | ६ | ४४ | ४०१ |
| ९. रुपन्देही (४०५) | १) आनन्दवन | १ | ५५ | ३ | ५५ | ५७७ |
| | २) देवदह | २ | १३० | १ | ६० | ३२३ |
| | | | | ४ | ७० | ३७३ |
| | ३) परोहा | २ | ११० | १ | ५९ | १४०४ |
| | | | | ६ | ५१ | १२०७ |
| | ४) शंकरनगर | २ | ११० | १ | ५० | ४०६ |
| | | | | ६ | ६० | ४९२ |
| १०. दाङ्ग (३०५) | १) चौलाही | २ | १२४ | २ | ९० | १७०५ |
| | | | | ३ | ३४ | ६५५ |
| | २) नारायणपुर | २ | १०२ | ५ | ४८ | २५९ |
| | | | | ६ | ५४ | २९३ |
| | ३) सोनपुर | २ | ७९ | ४ | १५ | १४७ |
| | | | | ५ | ६४ | ६३२ |
| ११. जाजरकोट (३८०) | १) खलंगा | ३ | १८९ | १ | ७३ | ३२२ |
| | | | | ४ | ३४ | १४७ |
| | | | | ८ | ८२ | ३६१ |
| | २) माझकोट | २ | ९१ | ४ | २८ | १३५ |
| | | | | ६ | ६३ | ३०८ |
| | ३) पूनम | २ | १०० | ७ | ३७ | १५० |
| | | | | ६ | ६३ | १५१ |
| १२. जुम्ला (११०) | १) चन्दननाथ | २ | ७७ | ३ | ४१ | २९७ |
| | | | | ८ | ३६ | २६४ |
| | २) महत | २ | ३३ | ५ | ११ | ३४ |
| | | | | ४ | २२ | ७० |
| १३. बाजुरा (१३५) | १) कोल्टी | २ | ५६ | ३ | १९ | १२० |
| | | | | २ | ३७ | २२६ |
| | २) मार्तडी | २ | ७९ | ५ | २८ | २०३ |
| | | | | ८ | ५१ | ३६५ |
| १४. कञ्चनपुर (२१०) | १) लक्ष्मीपुर | १ | ५९ | ५ | ५९ | १२७ |
| | २) रामपुर/विलासीपुर | १ | ८१ | ५ | ८१ | २१९ |
| | ३) त्रिभुवनबस्ती | १ | ७० | ६ | ७० | ३४९ |
| १५. डडेलधुरा (१८०) | १) अलिताल | २ | ६६ | ३ | २८ | २२० |
| | | | | ७ | ३८ | ३०२ |
| | २) जोगबुढा | २ | ११४ | ७ | ४४ | ४१३ |
| | | | | ६ | ७० | ६६० |
| | | **कुल :** | **५४००** | | | |

## ४. आशयपत्र पेश गर्नका लागि आवश्यक सर्तहरु

### ४.१ आशयपत्र पेश गर्दा ध्यान दिनुपर्ने विषयहरु

क) आशयपत्रका साथ संस्थाका आधिकारिक व्यक्तिहरुद्वारा सही/छाप गरेको संलग्न नमूना बमोजिमको आवेदन फाराम र आवेदकको विवरण समेत पेश गर्नु पर्नेछ ।

ख) आवेदन फारामका साथ देहायका विवरण संलग्न गर्नु पर्नेछ : संस्थाको नाम र ठेगाना, आशयपत्रदाता संस्थाको योग्यता, संस्थाको विवरण, संगठन, कर्मचारी, दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, संगठन वा साझेदार भई परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम, पछिल्लो तीन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम, प्रकार, काम गरेको संस्था, कार्य रकम आदिको विवरण, प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण, कर चुक्ता गरेको विवरण, आदि ।

ग) पेश भएको विवरण गोप्य रहने छ र फिर्ता गरिने छैन ।

घ) पेश हुन आएका आशयपत्रहरु छनौट गर्ने वा नगर्ने अधिकार यस बैंकमा निहित रहनेछ ।

ङ) छनौटमा परेका आवेदक संस्थाहरुको संक्षिप्त सूची सार्वजनिक गरी जानकारी दिइनेछ ।

च) संक्षिप्त सूचीमा परेका संस्थाबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

छ) सूचना बमोजिम आशयपत्र पेश नगर्ने ख्याति प्राप्त परामर्शदातासंग सम्पर्क गरी निजको नाम संक्षिप्त सूचीमा समावेश गर्न सकिनेछ ।

ज) निर्धारित मिति भन्दा पछि प्राप्त हुन आएका आवेदन स्वीकार गरिने छैन ।

### ४.२. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

क) संस्था दर्ताको प्रमाणपत्र ।

ख) संस्थाको कारोवार गर्ने प्रमाणपत्र ।

ग) संस्थाका कार्यकारी प्रमुख र संचालकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

घ) स्थायी लेखा नम्बर (PAN) वा मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

ङ) आर्थिक वर्ष २०६९/७० को कर चुक्ता प्रमाणपत्र ।

च) सम्बद्ध कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।

छ) टेण्डर प्रकृयामा सहभागी हुन योग्य रहेको, यथेष्ट आर्थिक तथा प्राविधिक क्षमता रहेको, प्रस्तावित कार्य गर्न सक्षम रहेको, कुनै गैर-कानूनी एवम् आपराधिक कार्यमा संलग्न नरहेको, कानून बमोजिम योग्य रहेको भन्ने सम्बन्धमा गरेको स्व:घोषणा पत्र ।

ज) आवेदन र आवेदनसाथ पेश गरेका कागजातहरुको प्रत्येक पृष्ठमा आवेदकको दस्तखत र छाप ।

झ) आवेदन साथ पेश भएका कागजातहरुलाई सूचिकृत गरी क्रमबद्ध रुपमा संलग्न गर्नुपर्ने ।

ञ) पेश भएका कागजात र व्यहोराहरु केरमेट नगरेको र केरमेट भएको अवस्थामा आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्ने ।

ट) प्रतिलिपीहरुमा नोटरी पब्लिक वा निवदेक संस्थाबाट प्रमाणित भएको हुनुपर्ने ।

ठ) आवेदन र विवरण नेपाली भाषामा हुनुपर्ने ।

## ५. संस्थाको प्रोफाइल

निम्न बुँदाहरु समेटी संस्थाको संक्षिप्त प्रोफाइल पेश गर्नु पर्ने । सूची मात्र उपलब्ध गराउन भनिएका बुँदाहरुमा बयान नगरी केवल सूची मात्र उपलब्ध गराउनु हुन ।

क) संस्थाको सामान्य परिचय

ख) संस्थाले गर्ने प्रमुख कार्य प्रकृति र विशेषता

ग) संस्थाको आबद्धता

घ) संस्थागत संरचना र कार्यालय रहेका स्थानहरु
ङ.) कार्यरत कुल कर्मचारी र उपलब्ध प्राविधिक जनशक्ति
च) संस्थाले प्रदान गर्ने सेवाहरुको सूची
छ) संस्थाबाट सेवा प्रदान भएका संस्थाहरुको सूची
ज) हाल संस्थाबाट सर्वेक्षण सेवा प्राप्त गरिरहेका संस्थाहरुको सूची
झ) संस्थाबाट प्रदान भएका उत्कृष्ट ५ सर्वेक्षण सेवाहरुको सूची
ञ) सम्बद्ध विषयको लागि संस्थाले हालसम्म प्राप्त गरेका प्रशंसा, पुरस्कार, प्रमाणपत्रको प्रतिलिपी ।

## ६. आवेदकको विवरण

### तालिका नं. ५

**१. आवेदकको परिचय**

| **१.१** | **आवेदकको नाम** | **विवरण** | **कैफियत** |
|---|---|---|---|
| **१.१.१** | क) आशयपत्रदाताको कार्यालयको ठेगाना :<br>ख) मुख्य कार्यालयको ठेगाना :<br>ग) साझेदार/प्रवर्द्धक/संचालकहरुको विस्तृत जानकारी<br>घ) संस्था स्थापना भएको मिति :<br>ङ) साझेदार संस्था रहेको भए समझदारी पत्र (MOU) को प्रति र सम्झौतामा हस्ताक्षर गर्न साझेदारको तर्फबाट प्रदान गरिएको अधिकार प्रत्यायोजन पत्र । | | संयुक्त साझेदार रहेको अवस्थामा साझेदारहरुको समेत सबै विवरण संलग्न गर्नु पर्ने । |
| **१.१.२** | फोन नं. :<br>मोवाइल नं. : | | |
| १.१.३ | फ्याक्स नं. : | | |
| १.१.४ | इ-मेल : | | |
| १.१.५ | वेवसाइट : | | |
| १.१.६ | सम्पर्क व्यक्ति : | | |
| **१.२** | **आशयपत्र पेश गर्न अधिकार प्रत्यायोजित व्यक्ति** | | |
| १.२.१ | नाम : | | |
| १.२.२ | पद : | | |
| १.२.३ | सम्पर्क ठेगाना :<br>फोन नं. :<br>मोवाइल नं. :<br>फ्याक्स नं. :<br>इमेल : | | |
| **१.३** | **अन्य सम्पर्क व्यक्ति (१.२ भन्दा फरक भएमा)** | | |
| १.३.१ | नाम : | | |
| १.३.२ | पद : | | |
| १.३.३ | सम्पर्क ठेगाना :<br>फोन नं. :<br>मोवाइल नं. :<br>इमेल : | | |

## ७. मूल्याङ्कनका आधारहरु

### ७.१ सामान्य आधारहरु

क) कम्तिमा ३ वर्षको फिल्ड सर्वेक्षण, Data Entry/Table Generation जस्ता कार्य अनुभव भएको संगठित संस्था हुनुपर्ने ।

ख) आर्थिक वर्ष २०६९/७० को कर चुक्ता गरेको प्रमाण ।

ग) सर्वेक्षणको समग्र नेतृत्व गर्न संस्थासंग अनुभवी टोली प्रमुख सहितको विज्ञ समूह हुनुपर्ने । टोली प्रमुख अर्थशास्त्र, Econometrics वा तथ्याङ्कशास्त्रमा कम्तिमा स्नातकोत्तर गरी घरधुरी सर्वेक्षण सम्बन्धी अनुभव भएको हुनुपर्ने ।

घ) विज्ञ समूहमा अर्थशास्त्रमा स्नातकोत्तर गरेका न्यूनतम २ जना र तथ्याङ्कशास्त्रमा स्नातकोत्तर गरेका न्यूनतम २ जना विज्ञ तथा Data Management Software मा दखल भएका कम्तिमा २ जना कम्प्यूटर प्रोग्रामर हुनुपर्ने।

ङ) सर्वेक्षण कार्यको लागि परामर्शदाता संस्थाले कम्तीमा स्नातक तह उतिर्ण गरेका न्यूनतम ६० जना फिल्ड सर्वेक्षकहरुको व्यवस्था गरेको हुनुपर्ने । सर्वेक्षकहरुको छनौट गर्दा आवश्यकता अनुसार स्थानीयस्तरका भाषागत ज्ञान भएकालाई प्राथमिकता दिनु पर्ने । साथै, उपरोक्त प्रत्येक जिल्लामा फिल्ड सर्भेको अनुगमन गर्न कम्तिमा १ वर्षको कार्य अनुभव भएका १/१ जना सुपरीवेक्षक नियमितरुपमा खटाई सुपरीवेक्षणको व्यवस्था गर्नुपर्ने ।

च) घरपरिवारको सूचिकरण र फिल्ड सर्भेको काम शुरु गरेको ७५ दिनभित्र सम्पन्न गरी सक्नुपर्ने ।

छ) फिल्ड सर्भेको कार्य सम्पन्न भएको मितिले ५ महिनाभित्र Data Entry र Table Generation को कार्य सम्पन्न गरी सक्नु पर्ने ।

ज) परामर्शदाता संस्थाले विज्ञ समूहको मातहतमा रही Data Entry र Table Generation को कार्य गर्न तथ्यांकशास्त्र/अर्थशास्त्र/वाणिज्यशास्त्र/गणित/कम्प्यूटर विषयमा स्नातक उतिर्ण गरेका कम्तिमा १५ जना Data Entry/Processing गर्न सक्ने जनशक्तिको व्यवस्था गरेको हुनुपर्ने ।

### ७.२ संस्थाको वित्तीय अवस्था

संस्थाको पछिल्लो ३ वर्षको लेखापरीक्षण गरेको वित्तीय विवरणवाट औषतमा न्यूनतम रु. २० लाखको कारोवार (Annual turnover) भएको हुनुपर्ने । साथै वित्तीय विवरणको प्रमाणित प्रतिलिपी उपलव्ध गराउनु पर्ने ।

| वित्तीय अवस्था (साझेदार संस्था भएको अवस्थामा प्रत्येक संस्थाको) | |
|---|---|
| पछिल्लो ३ वर्षको बार्षिक कारोवार (Annual Turnover) | कारोवार (रु.) |
| आर्थिक वर्ष २०६७/६८ | |
| आर्थिक वर्ष २०६८/६९ | |
| आर्थिक वर्ष २०६९/७० | |
| औसत | |

### ७.३ संस्थाको कार्य अनुभव

संस्थाले पछिल्लो ३ वर्षमा न्यूनतम ३ वटा सर्वेक्षण वा Data Entry वा Table Generation सम्बन्धी कार्य गरेको हुनुपर्ने । सो सम्बन्धी विवरण निम्नानुसार पेश गर्नुपर्ने ।

| | | | |
|---|---|---|---|
| परियोजनाको नाम र विवरण | | | |
| सर्वेक्षणको प्रकार | | | |
| सर्वेक्षणका उत्तरदाता (Respondent) | | | |
| सर्वेक्षणको अवधि | | | |
| अन्य संस्थाको सहयोग लिएर कार्य गरेको भएमा सोको विवरण र कामको विवरण | | | |
| परियोजना लागत | | | |
| ग्राहकको विवरण: संस्थाको नाम, संस्था प्रमुखको नाम, फोन नं., मोवाइल नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि । | | | |
| सर्वेक्षण सुरु गरेको मिति | | | |
| परियोजना पुरा गरेको मिति वा वर्तमान अवस्था | | | |
| परियोजना निर्धारित अवधिमै सम्पन्न भएको थियो वा थिएन, यदि थिएन भने सोको कारण र थप लागेको अवधि | | | |
| परियोजनाको निर्धारित लागत वृद्धि भएको थियो वा थिएन, यदि थियो भने सोको प्रकार र रकम | | | |
| परियोजनामा लागेको कुल मानव-दिन **(Man-Days)** | | | |
| सम्पन्न गरेको परियोजनाको वेवसाइट | | | |
| परियोजना सम्पन्न गरेको प्रमाण (यदि कुनै भएमा) | | | |

### ७.४. जनशक्ति

प्रस्तावित कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने मुख्य जनशक्तिको विवरण, योग्यता, अनुभव आदिको विवरण र निजहरुको व्यक्तिगत विवरण (Bio-Data) संलग्न गर्नुपर्ने ।

| | |
|---|---|
| क) | पद :<br>मुख्य उमेदवारको नाम :<br>बैकल्पिक उमेदवारको नाम : |
| ख) | पद :<br>मुख्य उमेदवारको नाम :<br>वैकल्पिक उमेदवारको नाम : |
| ग) | पद :<br>मुख्य उमेदवारको नाम :<br>वैकल्पिक उमेदवारको नाम : |

## ८. विवादित अवस्था

संस्थाले कारोवार गर्ने क्रममा विगतमा कुनै संस्थासंग विवाद उत्पन्न भएको वा मुद्दा परेको भएमा सोको विवरण उल्लेख गर्ने ।

| बर्ष | पक्ष वा विपक्षमा परेको मुद्दा | मुद्दा परेको विपक्षी र विषय | विवादित रकम |
|---|---|---|---|
| | | | |
| | | | |

## ९. विविध

१. आशयपत्रको आवेदन पेश गर्ने क्रममा वा परियोजना सञ्चालन गर्ने क्रममा वा सोको कारणले कुनै हानि नोक्सानी वा क्षती हुन गएमा सोको लागि नेपाल राष्ट्र बैंक वा यसका कुनै पनि कर्मचारी जवाफदेही हुने छैनन ।

२. आवेदक संस्थालाई प्रस्तावित कार्यसंग सम्बद्ध नेपालको प्रचलित कानून, नीति नियम, निर्देशन, अभ्यास आदि विषयमा जानकारी रहेको मानिने छ ।

३. चौथो ग्रमीण कर्जा सर्वेक्षण २०७० को लागि छनौटमा परेका जिल्ला, गा.वि.स. तथा वडा संख्या, घर परिवार संख्या, संस्था सम्बन्धी विवरण निम्न अनुसार तालिका नं. २, ३ र ४ मा रहेका छन् ।